भेरीगंगा नगरपालिका
# स्थानीय राजपत्र

| खण्ड : २ | संख्या : ३ | मिति : २०७८/०३/२९ |
|---|---|---|

## भाग-२

## उप प्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि

भेरीगंगा नगरपालिकामा आधारमा आधाभन्दा बढि हिस्सा ओगट्ने महिलाहरुको हक, अधिकार सुनिश्चित गर्दै समाज निर्माणको प्रत्येक तहमा समान सहभागीता पुऱ्याउन महिलाको आर्थिक सशक्तिकरण, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गरी दिगो विकास हासिल गर्न उप प्रमुख स्वरोजगार कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रहि भेरीगंगा नगरकार्यपालिकाको मिति २०७८।०३।२९ को बैठकबाट यो कार्यविधी स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. (क) यस कार्यविधिको नाम "उप प्रमुख स्वरोजगार कार्यक्रम संचालन कार्यविधी, २०७८" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'कार्यक्रम'** भन्नाले उप प्रमुख स्वरोजगार कार्यक्रम सम्झनु पर्दछ ।
(ख) **'कार्यक्रम खर्च'** भन्नाले लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।
(ग) **'नगरपालिका'** भन्नाले भेरीगंगा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
(घ) **'नगर प्रमुख'** भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।
(ङ) **'नगर उपप्रमुख'** भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्छ ।
(च) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

सम्झनु पर्छ ।

(छ) 'समिति' भन्नाले दफा (४)बमोजिम गठित भेरिगंगा नगरपालिकाको महिला स्वरोजगार तथा सशक्तिकरण समिति भन्ने बुझ्नु पर्दछ ।

(ज) 'समूह, समिति' भन्नाले नगरपालिका भित्रका महिलाको समूह, समिति सम्झनु पर्दछ ।

(झ) 'संस्था' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको महिला सदस्य मात्र भएको संस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२

३. उद्देश्य (१) उप प्रमुख स्वरोजगार कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछन् ।

क) उद्यमशीलताको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक रुपान्तरण गरी स्वरोजगार गराउने ।

ख) महिलाहरुको समग्र विकास मार्फत उनीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

ग) लक्षित महिलाका लागि उद्यमशीलता विकास तालिम, विभिन्न विषयका सीपविकास तालिम, स्वरोजगारमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिवृद्धि तालिमको पहिचान गर्ने,

घ) अनौपचारिक श्रममा लागेका महिला तथा किशोरीका लागि तालिमको आवश्यकता पहिचान गर्ने,

ङ) लघु, घरेलु तथा साना उद्योगहरुलाई आवश्यकता अनुसार प्रविधिमा अनुदान प्रदान गर्ने ।

## परिच्छेद-३

## कार्यान्वयन संरचना र क्रियाकलाप

४. कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि संरचनात्मक व्यवस्था (१) भेरीगंगा नगरपालिका क्षेत्रमा संचालन हुने उप प्रमुख स्वरोजगार र सशक्तिकरण कार्यक्रमको योजना तर्जुमा, संचालन एवं व्यवस्थापन र अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाई नगर भित्रका महिलाहरुको आयस्तर र सशक्तिकरण गर्न देहाय वमोजिमको एक उप प्रमुख स्वरोजगार तथा सशक्तिकरण समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) उपप्रमुख | - संयोजक |
| ख) आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) नगरपालिकाको योजना शाखा प्रमुख | - सदस्य |
| ङ) कार्यपालिका दलित महिला सदस्य | - सदस्य |
| च) कार्यपालिका महिला सदस्य | - सदस्य |
| ङ) उद्योग विकास शाखाको प्रमुख | - सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै कार्यपालिका सदस्य वा विषयगत शाखा प्रमुख वा अन्य विषयगत विज्ञलाई बैठकमा आमन्त्रित गरी सल्लाह सुझाव लिन सक्नेछ ।

(३) दफा (४) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्ने,

ख) कार्यक्रम कार्यान्वयनको सिलसिलामा प्रमुख लगायत अन्य संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,



भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेत

Scanned with CamScanner

ग) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एंव कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिंगत निर्णयहरु गराउन समन्वय गर्ने,

घ) कार्यक्रमको पहिचान, प्राथमिकिकरण तथा तर्जुमा गर्ने। कार्यपालिकाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधिभित्र रहि कार्यक्रमगत वंजेट प्रमुखसँग परामर्श गरी गर्ने,

ङ) लक्षित महिलाका लागि उद्यमशीलता विकास तालिम, विभिन्न विषयका सीप विकास तालिम, रोजगारीमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिवृद्धि तालिमको पहिचान गर्ने,

च) अनौपचारिक श्रममा लागेका महिला तथा किशोरीका लागि तालिमको आवश्यकता पहिचान गर्ने,

छ) आवधिक योजनामा उल्लेखित कार्यक्रम संचालन गर्न यस दफा बमोजिमका सम्पूर्ण कार्य गर्ने,

ज) प्रत्यक्ष सुविधा प्राप्त सहभागी मध्येबाट के कति जनाले रोजगारी प्राप्त गरेका छन् र कतिले उद्यम, व्यवसाय, सामूहिक व्यवसाय संचालन गरीरहेका छन्। सो को समेत जानकारी/विवरण राख्ने राख्न लगाउने,

झ) कार्यक्रम संचालन गर्न संभाव्यता हुने क्षेत्र सम्बन्धीत विज्ञको राय लिई पहिचान गर्ने,

ञ) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,।

ट) विभिन्न संघ संस्था, समूह, सहकारी, ब्यक्तिगत फर्मबाट प्राप्त सहकार्य प्रस्तावको छनौट गर्ने

ठ) कार्यक्रमको नियमित अनुगमन र मुल्यांकन गर्ने

ड) कार्यक्रम संचालन गर्दा प्रस्तावना छनौट देखि कार्यक्रम संचालनसम्म सक्रिय सहभागीता जनाउने

ढ) आवश्यकता अनुसार समितिको बैठक बसी छलफल गर्ने

ण) कार्य संचालनमा कुनै बाधा उत्पन्न भएमा समितिको बैठक बसी कार्यपालिकामा पेश गरी अनुमोदन गराई कार्यक्रम संचालन गर्न सकिने

त) कार्यक्रम संचालन कार्यक्रममा सेवाप्रदायक प्रशिक्षक र सहभागीलाई उपलब्ध गराउने सेवा सुविधाको स्वीकृत गने

थ) सीप विकास तालिम लिईसकेका उद्यमीहरुलाई आवश्यकता अनुसार अनुदानमा प्रविधि हस्तान्तरण गर्ने

द) कार्यक्रमको प्रगती चौमासिक समिक्षा गरी कार्यपालिकामा प्रगति विवरण पेश गर्ने।

**५. उप प्रमुख स्वरोजगार कार्यक्रमका मुख्य क्रियाकलापहरु :**

(१) देहायका क्रियाकलाप संचालनका लागि नगर सभाबाट विनियोजित वजेटको परिधिभित्र रही नगरकार्यपालिकाले क्षेत्रगत वजेट विनियोजन गर्नेछ

क) विकासको दृष्टिकोणबाट पछि परेका वडाहरुका अति विपन्न, दलित, पछाडी पारिएको वर्ग, जनजाति, एकल द्वन्द्धपिडित महिला, सकटासन्न समुदायका महिला लक्षित कार्यक्रमहरु (उद्यमशीलता विकास तालिम, विभिन्न विषयका सीप विकास तालिम, रोजगारीमूलक, सीप विकास र क्षमता अभिवृद्धि सम्बन्धी तालिम,



नगर प्रमुख
नगर कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

आवश्यकता अनुसार बस्तुगत टेवा र उद्योग व्यवसायका लागि अनुदान समेत प्रदान गर्ने

ख) सीप विकास तालिम लिई स्रोत अभावका कारण उद्योग व्यवसाय संचालन गर्न नसकेका महिलाहरुका लागि उद्योग श्रृजना गरी रोजगारी प्रदान गर्ने साथै प्रविधिमा सहयोग गर्ने,

ग) नगरपालिकासँग सहकार्यमा महिलालाई स्वरोजगार वनाउन इच्छुक सहकारी, संघ संस्था, महिला समूह,उद्योग तथा व्यवसायिक फर्महरुका प्रस्तावका आधारमा कार्यक्रम संचालन सहकार्य गर्ने,

घ) नगरपालिका, वडा समिति एंव महिला लक्षित काम गर्ने संघ संस्थाहरुबाट यस अघि विभिन्न सीपविकास तालिम लिएका तर थप सुविधाको अभावमा व्यवसायिक कार्यलाई अगाडि बढाउन नसकिएको समूह समितिलाई व्यवसायका आधारमा साझा तथा एकल व्यवसायिक अनुदान कार्यक्रम,

ङ) आधारभूत तालिम लिएका तर स्तरोन्नती तालिमको अभावका कारण श्रम बजारमा स्थापित हुन नसकेका महिलालाई स्तरोन्नति तालिम कार्यक्रम,

च) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि समन्वय, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी कार्यहरु ।

## ६. कार्यक्रम कार्यान्वयन प्रकृया तथा उद्यमी छनौट प्रकृया

(१) दफा (५)वमोजिम कार्यक्रममा सहभागी छनौट गर्दा कार्यक्रमका लागि कार्यक्रमको प्रकृति अनुसार देहायका आधारलाई प्राथमिकता दिई महिला समूह, संघ संस्था, समिति, संस्थाका सदस्यहरुको बैठकको निर्णय अनुसार छनौट भई वडा समितिको कार्यालयबाट सिफारीस भै आएका सहभागीहरुबाट छनौट गरिनेछ ।

क) बहु विपन्न महिला

ख) सीप विकासको तालिम लिएर पनि आर्थिक अभावका कारणले व्यवसायिक बन्न नसकेका महिला

ग) अठार देखी पचास बर्ष भित्रका महिला

घ) गरिवीको अवस्था हेरी महिला समूह, समिति संस्थाल छानेका महिला

ङ) गरिवीको परिचय पत्र प्राप्त गरेका महिला

च) नगरपालिकाका स्थायी बासिन्दा

छ) महिला समूह, आमा समूह, टोल विकास संस्था, महिलाहरुले मात्र संचालन भएको सहकारी, किशोरी समूहका सदस्यलाई प्राथमिकता दिइने

ज) साक्षरता भएका सामान्य लेखपढ गर्न जान्ने

झ) दलित, जनजाति, अपांगता भएका एंव एच.आई. भि. संक्रमितलाई प्राथमिकता

ञ) व्यवसायिक रुपमा काम गरिरहेका महिला समूहलाई थप प्रोत्साहन गरिने ।

## ७) लाभान्वित हुने संख्या

(१) दफा (५) अनुसारको उप प्रमुख स्वरोजगार कार्यक्रमबाट कम्तिमा पाँच जना महिला प्रत्यक्ष लाभान्वित हुनुपर्नेछ ।

(२) प्रस्ताव पेश गर्दा देहाय बंमोजिमका कुन क्षेत्र अनुसारको कुन व्यवसाय केन्द्रित हो खुलाउनु पर्नेछ ।

क) कृषि केन्द्रित : महिलाहरुलाई सहकारी र सामूहिक खेती, अर्गानिक, आधुनिक खेती,



Scanned with CamScanner

पशुपालन गरेर केहि उत्पादनमा आत्मनिर्भर हुँदै एकीकृत विकासको काम गर्न सहयोग गर्ने,

ख) पर्यटन केन्द्रित : महिलाहरुलाई पर्यटनको क्षेत्रमा होमस्टे, ट्रेकिङ, ट्राभल व्यवसाय, स्थानीय संस्कृतिमा आधारित पर्यटकलाई आकर्षित गर्ने लगायतका पर्यटन व्यवसाय सञ्चालन गरेर आर्थिक उपार्जन गर्नका लागि स्थानीय महिलाहरुलाई तालिम, विउपूँजी लगायतको सहयोग गर्ने,

ग) गैरकृषि क्षेत्र : वन पैदावार साथै स्थानीय परिवेश हेरेर माग अनुसारको पेपर उद्योग लगायत गैर कृषि क्षेत्रमा लक्षित महिलालाई अनुदान, सामाग्री हस्तान्तरण, तालिम, विउपुजी र रोजगारीको व्यवस्था गर्ने ।

घ) प्रस्ताव पेश गर्दा समितिबाट तोकिएको ढाँचामा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजातसहित पेश गर्नुपर्नेछ ।

क) प्रचलित कानुन बमोजिम समूह समिति संस्था गठन भएको प्रमाणको प्रतिलिपि

ख) करमा दर्ता फर्म भएमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

ग) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन

घ) संजाल, समूह, संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण

ङ) भौतिक अवस्था देखिने विवरण

च) जनशक्तिको अवस्था

छ) संक्षिप्त प्रोफाइल

ज) कार्यक्रमको प्रस्ताव सञ्चालक समितिले स्वीकृत गरी अनुदान माग गरेको निर्णयको प्रतिलिपि

(झ) संजाल, समूह, संस्थाको विधान र सम्बन्धित वडाको सिफारिस ।

(४) स्थानीय स्रोतमा आधारीत र बजारको माग अनुसारंको स्तरोन्नती कार्यक्रम उच्च प्राथमिक्तामा रहनेछ ।

क) व्यक्तिगतको विषयमा निवेदन वडाको सिफारिस पत्र

## परिच्छेद-8

## अनुदान प्राप्त संस्थाको दायित्व

**८) अनुदान प्राप्त संजाल/समूह/समिति/ब्यक्तिगत फर्म तथा ब्यक्ति/संघ संस्था तथा सहकारी संस्थाको दायित्व :**

१) यस कार्यक्रम मार्फत अनुदान प्राप्त गर्ने तथा सहकार्य गर्ने समूह, समिति,संघ संस्था तथा सहकारीले देहायका दायित्व वहन गर्नुपर्नेछ ।

क) प्राप्त सशर्त अनुदानको हिसाब स्वीकृत लेखाप्रणाली अनुसार पारदर्शी रुपमा राखेको हुनुपर्ने,

ख) चौमासिक प्रगति प्रतिवेदन समय भुक्तान भएको पाँच दिनभित्र नगरपालकामा पेश गर्नुपर्ने,

ग) अनुदानको रकम सहि सदुपयोग गर्नुपर्नेछ,



Scanned with CamScanner

घ) कानून बमोजिम कर कट्टि गरेको हुनुपर्नेछ ।

ङ) अनुदान रकम प्रदान गर्दा प्राइभेट वा साझेदारी रुपमा सम्बन्धित व्यक्तिले ५०% र नगरबाट ५० % लगानी गरिनेछ

## परिच्छेद-५

### सहयोग प्राप्त गर्ने व्यक्ति, समूह, संस्था छनौटका आधार

**९. छनौट समिति :**

दफा (४) वमोजिमको समितिले छनौट समितिको रुपमा समेत काम गर्नेछ र कार्यबोझ तथा विषयगत दक्षताका आधारमा आवश्यकता अनुसार छुट्टै उपसमिति समेत समितिले गठन गर्न सक्ने छ ।

**१०. छनौट एवं मूल्यांकनका आधार :**

(१) देहायका आधार मध्ये तालिमको प्रकृतिका र लक्षित वर्गका आधारमा समितिले तोके वमोजिमको अंकभार लाई आधार मानी सहभागी छनौट गरिनेछ साथै कार्यबोझ र दक्षता अभावमा नगरपालिकाले स्थानीय संघ संस्था संग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

**क) सीपमूलक तालिमका लागि सहभागी छनौट आधार :**

क) महिलाले संचालन र नेतृत्व गरेको संस्था

ख) तीनकट्ठा भन्दा कम जग्गा भएको

ग) शैक्षिक योग्यता

घ) उमेर

ङ) लक्षित वर्ग

च) दलित, जनजाति, एच.आई.भि. संक्रमित, मुस्लिम आदि

छ) शैक्षिक बेरोजगार

ज) विद्यालय विमुख किशोरी

झ) समितिले आवश्यक देखेको अन्य विषय

ख) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि तालिमको प्रकृति र सहभागिको माग निवेदनका आधारमा नगरपालिकामा सो कार्यकम संचालन गर्न सम्भाव्य हुने भएमा सवै वडाबाट सहभागिताको सुनिश्चता हुनेछ ।

ग) प्राइभेट वा साझा व्यवसायिक अनुदानका लागि

क) लाभग्राही

ख) आर्थिक कारोबार

ग) परिपक्वता संस्था दर्ता र विषयगत अनुभव

घ) जनशक्ति संख्या

ङ) लागत सहभागीता

च) स्थानीय साधन स्रोतको उपयोग

छ) प्रस्तावनाको श्रृजनशीलता



नगर प्रमुख
भेरिगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत

Scanned with CamScanner

## परिच्छेद-६

### विविध

**११. सहजीकरण, अनुगमन तथा मूल्याङ्कन**

(१) सदस्यहरुको सक्रियता बढाउन नगरपालिकाको उप प्रमुख स्वरोजगार तथा सशक्तिकरण समिति र आर्थिक विकास समिति समेतले निरन्तर अनुगमन मूल्यांकन र सहभागीहरुको उत्प्रेरणा बढाउने कार्यगर्नेछ ।

२) आर्थिक विकास समिति समेतले समेत निरन्तर अनुगमन गर्दै सहभागिको उत्प्रेरणा बढाउने कार्य गर्न तथा कार्यक्रमलाई प्रभावकारी बनाउन समितिलाई सुझाव दिन सक्नेछ ।

**१२. कार्यक्रम संचालनका लागि बजेट तथा प्रस्तावको स्वीकृती (सम्झौता)**

(१) यस कार्यक्रम संचालनका लागि नगर सभाबाट उप प्रमुख स्वरोजगारका लागि विनियोजित बजेट र संघ तथा प्रदेश सरकार लगायत अन्य सहयोगी संस्थाहरुबाट प्राप्त रकम समेत परिचालन गरी कार्यक्रम संचालन गरिनेछ ।

(२) समितिवाट स्वीकृत कार्यक्रम संचालनको प्रस्ताव प्रचलित कानूनको परिधीभित्र रहि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउ :**

(१) प्रचलित कानून बमोजिम हुने : यस कार्यविधीमा उल्लेख नभएको हकमा नगरकार्यपालिकाको निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम बमोजिम हुनेछ ।

**१४. संशोधन र खारेजी :**

(१) यो कार्यविधीको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ

*आज्ञाले*

जगत बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत